## नेपाल प्रहरी अस्पताल

महाराजगन्जको

### बोलपत्र रद्द गर्ने सूचना

सूचना प्रकाशित मिति : २०७५/०६/१२

यस अस्पतालको लागि आ.व.०७५।०७६ मा आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामानहरु वोलपत्रको माध्यमवाट खरिद गर्न २०७५।०३।३२ गते राष्ट्रिय दैनिक समाचारपत्रमा प्रकाशित सूचनामा म्याद थप गरी मिति २०७५।०५।७ गते १२:०० वजे सम्म दर्ता भएका वोलपत्रहरु सोही दिन १४:००वजे खोलिएका बोलपत्रहरु कारणबस रद्ध गरि पुन: सूचना प्रकाशन गर्ने निर्णय गरिएको हुदाँ सम्बन्धीत सवैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## गैंडाकोट नगरपालिका
## नगर कार्यकालिकाको कार्यालय

गैंडाकोट, नवलपरासी
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आसयको सुचना

सुचना प्रकाशित मिती :२०७५/६/१२

प्रस्तुत बिषयमा यस कार्यालयबाट मिती २०७५/०४/२४ मा प्रकाशित सुचना अनुसार यस गैंडाकोट नगरपालिका, नगर क्षेत्रभित्र विद्युत विस्तारको कार्य गर्नका लागी मिती २०७५/०५/३१ मा खोलिएका तपसिल अनुसारका सिलबन्दी बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही देखीन आएको निम्न बोलपत्रदाताको बोलपत्र स्वीकृतीको लागी छनौटभएको हुदा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धीत सबै बोलपत्रदाताहरुलाई जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

| क. सं. | बोलपत्र नं. | योजनाको नाम | छनौट भएका बोलपत्रदाता | कबोल रकम ने. रू. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1 | 01/GM/NCB / 2075-76 | गैंडाकोट नगरपालिका क्षेत्र भित्र विद्युत विस्तारको कार्य (SUPPLY , DELIVERY OF MATERIALS AND H.T./ L.T. LINE EXTENTION WORKS IN VARIOUS PLACES OF GAIDAKOT MUNICIPALITY) | श्री सी .बि सी कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा.लि, नयाँ बानेश्वर, काठमाण्डौं | रु ८०,९३,०८०.४२ |

प्रमुख प्रशाशकिय अधिकृत


## दाताले...

जापानले अनुदान सहयोग ५ अर्ब २० करोड र सहुलियत ऋणमा २० अर्ब ८ करोड गरी २६ अर्ब रुपैयाँ दिने घोषणा गरेकोमा अनुदानतर्फ १ अर्ब २९ करोड ४० लाख तथा ऋणतर्फ २ अर्ब १४ करोड १३ लाख गरी ३ अर्ब २९ करोड ४ लाख रुपैयाँ दिने सम्झौता गरेको छ। अमेरिकाले भने घोषणा गरेभन्दा बढी रकम उपलब्ध गराउने सम्झौता गरेको छ। अमेरिकाले १३ अर्ब सहयोगको घोषणा गरेकोमा १७ अर्ब २० करोड रुपैयाँ दिने सम्झौता गरेको छ।

एसियाली विकास बैंकले ६० अर्ब ऋण सहयोग दिने घोषणा गरेकोमा २० अर्ब रुपैयाँको सम्झौता गरेको छ। विश्व बैंकले ५० अर्ब अनुदान सहयोग दिने घोषणा साथै सम्झौता पनि गरेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले सहुलियत ऋण सहयोगस्वरूप ५० अर्ब रुपैयाँ दिने भएको छ। कोषले सम्झौता पनि गरिसकेको छ। युरोपेली युनियनले ११ अर्ब १८ करोड ९० लाख दिने घोषणा गरेकोमा ११ अर्ब २७ करोड ३५ लाख ८४ हजार ९ सय रुपैयाँ दिने सम्झौता गरेको छ। क्यानडाले १ अर्ब ५ करोड दिने सम्झौता गरेको छ।

अस्ट्रेलियाले ४६ करोड ३५ लाख ३० रुपैयाँ अनुदानको घोषणा गरेकोमा ६६ करोड २० लाख रुपैयाँको सम्झौता गरेको छ। जर्मनीले ३ अर्ब ३५ करोड ६५ लाखको अनुदानको घोषणा गरेकोमा ३ अर्ब ४४ करोड ८३ लाख ५६ हजार रुपैयाँको सम्झौता गरेको छ। फिनल्यान्डले २२ करोड ३७ लाख ८० हजार अनुदानमध्ये ११ करोड १८ लाख ९० हजारको सम्झौता गरेको छ।

प्रवक्ता घिमिरे दाता राष्ट्रबाट प्राप्त हुने सहयोगको विवरण प्राधिकरणले तयार पारिरहेको बताए। प्राधिकरणले पुनर्निर्माणमा पहिलो वर्ष २२ अर्ब, दोस्रो वर्ष ४९ अर्ब, तेस्रो वर्ष १ खर्ब १४ अर्ब रुपैयाँ खर्च गरेको छ। पुनर्निर्माणका लागि चालू आवमा १ खर्ब ५१ अर्ब रुपैयाँ विनियोजन गरिएको छ। भूकम्पबाट क्षति भएका भौतिक संरचना पुनर्निर्माण र पुन:स्थापनाका बाँकी काम गर्न करिब ६ खर्ब थप रकम लाग्ने प्राधिकरणले जनाएको छ। प्रवक्ता घिमिरेले चालू आवभित्र ३ खर्ब ३६ अर्ब रुपैयाँ खर्च हुने जानकारी दिए।

### दाता गुहार्दै प्राधिकरण

पहिला घोषणा गरेकै रकम नदिइरहेका बेला प्राधिकरणले पुनर्निर्माणका लागि आवश्यक थप रकम जुटाउन फेरि विदेशी दाता गुहार्न थालेको छ। प्राधिकरणका कार्यकारी अधिकृत सुशील ज्ञवाली सहयोग जुटाउन अमेरिका गएका छन्। उनले संयुक्त राष्ट्र संघको महासभाका सन्दर्भमा न्युयोर्कमा हुने विपद्पश्चात् आवश्यक आकलन र पुनर्निर्माण तथा पुन:स्थापना योजना कार्यक्रममा नेपालमा भइरहेको पुनर्निर्माणसम्बन्धी प्रस्तुतिसमेत गर्ने छन्। उनले पुनर्निर्माणमा अन्तर्राष्ट्रिय समुदायबाट आर्थिकलगायत सहयोग जुटाउन मद्दत पुग्ने विश्वास गरेका छन्।